कार्यपालिकाको ५६ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष
मिति २०८१ साल फागुन महिनाको २१ गते बुधबार
अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः-

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष
२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष
३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १
४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २
५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३
६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री मिम पुन - वडा अध्यक्ष वडा नं. ५
८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६
९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७
१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य
११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य
१२. श्री देवी पटेल - कार्यपालिका सदस्य
१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य
१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य
१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य
१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थितिः-

श्री अशोक रिजाल - शिक्षा अधिकृत
श्री दिपक सापकोटा - भौतिक पूर्वाधार शाखा प्रमुख
श्री सागर पौडेल - सहायक लेखा अधिकृत
श्री सावित्री गबुजा पुन - रोजगार संयोजक / प्रशासन शाखा

प्रस्तावहरु:-

१. गाउँपालिका स्थापना दिवस सम्बन्धमा ।

२. नारी दिवस सम्बन्धमा ।

३. विवध ।

निर्णयहरु:-

निर्णय नं. १:- प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को फागुन २७ गते गाउँपालिका स्थापना दिवसको उपलक्ष्यमा तपसिलका व्यक्तित्वहरु, कर्मचारी, विद्यालय तथा विद्यार्थीहरुलाई सम्मान गर्ने निर्णय गरियो ।

क) राजनितिक तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउनुहुने स्व. श्री शेर बहादुर शेरचन र श्री बलमान पुन

ख) शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने स्व. श्री विर बहादुर कार्की

ग) राष्ट्रिय भलिवल खेलाडी श्री कमला पुन र श्री जमान सिं परियार

घ) लोक कला संस्कृतिमा योगदान पुऱ्याउने प्रत्येक वडा मार्फत १ जना हस्ति

ङ) व्यवसायिक मालिका रेन्वो ट्राबट फर्मका कृषक

च) व्यवसायिक कृषक श्री भुपेन्द्र शर्मा

छ) जेष्ठ नागरिक श्री धनमति गुरुङ (जन्म मिति १९७५/१२/१३)

ज) प्रत्येक वडाबाट १/१ जना लघु उद्यम तथा कृषि क्षेत्रका उत्कृष्ट कृषक तथा लघु उद्यमी,

झ) विद्यालय र विद्यार्थी सम्मानको हकमा शैक्षिक सत्र २०७८, २०७९ र २०८० को कक्षा ८ र १० को अन्तिम परिक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र र छात्रा एवम् गत तिन वर्षको नतिजाको आधारमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने

ञ) बाँस, निगालो तथा चोयाका सामाग्री निर्माण गर्ने श्री भरि बहादुर पटेल

ट) मूल्याङ्कन समितिबाट सिफारिस भएका कर्मचारी ।

निर्णय नं. २:- नारी दिवस २०८१ को अवसरमा प्रत्येक वडाहरुमा विभिन्न रचनात्मक कार्यक्रमहरु आयोजना गरी मनाउने र उक्त कार्यक्रम सञ्चालनका लागि प्रत्येक वडामा रु. ६०००/- का दरले दिवसीय कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरि रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३:- मालिका गाउँपालिका अन्तर्गत सञ्चालित आधारभूत तहका ईच्छुक विद्यालयको शिक्षक/शिक्षिकाहरुलाई मगर खाम भाषा प्रशिक्षणका लागि लक्षित वर्ग (मगर) शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ः- आठौं म्याग्दी महोत्सव तथा माघे संक्रान्ति, २०८१ को अवसरमा आयोजित भलिवल प्रतियोगितामा गाउँपालिकाको तर्फबाट पालिका स्तरिय भलिवल खेलमा सहभागी खेलाडीहरुको खर्च रु. १,६५,०००/-, तरुण कप (प्रदेश ख) २०८१ आयोजकलाई रु. ५०,०००/-, तरुण कप (प्रदेश क) २०८१ आयोजकमा पालिकाको तर्फबाट महिला भलिवल टोलीलाई रु. २५,०००/-, धनुषवाणमा सहभागी खेलाडीलाई रु २५,०००/- र पश्चिम म्याग्दी युवा क्लब दरवाङ्गलाई रु. २५,०००/- रकम युवा खेलकुद कार्यक्रम शिर्षकबाट तथा नेपाल मगर विद्यार्थी संघ, गण्डकी प्रदेशको तेस्रो अधिवेशनका लागि रु. २३,५००/- लक्षित वर्ग शिर्षक मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ः- दशौं जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भएको अपुग खर्च रकम रु. ६१०००/-, उक्त प्रतियोगितामा प्रथम हुने सहभागी विद्यार्थीलाई सम्मान स्वरुप रु. १०,०००/- र समुहलाई सम्मान स्वरुप रु. २००००/- गरी जम्मा रु. १,२१,०००/- बाल प्रतिभा पहिचान तथा अतिरिक्त क्रियाकलाप शिर्षक अन्तर्गत खर्च लेख्ने गरी निर्णय गरियो ।

निर्णय नं. ६ः- अपर म्याग्दी हाइड्रोपावर लि.को आयोजना अपर म्याग्दी १ हाइड्रोपावर प्रोजेक्ट (५३.५० मेगावाट) को सिभिल निर्माण कार्यको लागि आवश्यक पर्ने बालुवा, गिट्टी तथा ढुङ्गा सङ्कलनको लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा मन्त्रीपरिषद्को निर्णयको कागजातको परिधिभित्र रहि नदीजन्य श्रोत उत्खनन तथा सङ्कलन गरी वडा नं. ७ भारवाङ्गमा निजी स्वामित्वको जग्गामा क्रसर प्लान्ट स्थापना गर्न अनुमति दिने र यसैगरी धौलागिरी कालिका हाइड्रो लि. २५ मे.वा.लाई पनि क्रसर प्लान्ट र बालुवा, गिट्टी तथा ढुङ्गा सङ्कलनको लागि प्राविधिक अध्ययनको आधारमा परिमाण निर्धारण गरि प्रचलित दररेटमा राजश्व जम्मा गरि उत्खनन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ः- मालिका गाउँपालिका न्यायिक सहजकर्ता पदमा कार्यरत श्री मिठु आचार्यलाई न्यायिक समितिका उजुरी प्रशासकको थप जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ८ः- मालिका गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कर्मचारी छनौट गर्न निम्न लिखित सदस्यहरु रहने गरी मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

श्री बेग प्रसाद गर्बुजा (अध्यक्ष)– संयोजक

श्री लक्ष्मी देवी घर्ति मगर (उपाध्यक्ष)– सदस्य

श्री टंक प्रसाद पुन(१ नं. वडा अध्यक्ष) – सदस्य

श्री पथ बहादुर रोका (६ नं. वडा अध्यक्ष) – सदस्य

श्री दल बहादुर खड्काथोकी (कार्यपालिका सदस्य)– सदस्य

श्री हरिश्चन्द्र ढकाल (प्रमुख प्रशासकीय अधिकृत)– सदस्य सचिव

**निर्णय नं. ९:-** मालिका गाउँपालिकाका लागि आवश्य तपसिल बमोजिमको गाउँ प्रहरी पदपूर्तीका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

- हवलदार – १ जना
- जवान – २ जना (१ जना महिला अनिवार्य)

**निर्णय नं. १०:-** चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्न मिति २०८१ फागुन १५ गते सम्म सम्झौता गरिसक्नका लागि म्याद थप गर्ने सर्वसम्वत् निर्णय गरियो ।

**निर्णय नं. ११:-** झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत कुमलघोर खोला झो.पु. निर्माण कार्यका लागि सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२:-** मिति २०८१ फागुन २७ गते गाउँपालिका स्थापना दिवसको अवसरमा मालिका गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयहरु तथा शैक्षिक संस्थाहरुलाई सार्वजनिक विदा दिने निर्णय गरियो ।